| कार्यविधि संख्या :- | ३ |
|---|---|

# बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि

## २०७५

| सभाबाट स्वीकृत मिति :- | २०७५/०१/०३ |
|---|---|

**चौविसे गाउँ पालिका**

**धनकुटा जिल्ला**

**१ नं. प्रदेश**

## प्रस्तावना

बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, संम्बर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानुनहरु तथा स्थानीय सरकारसञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको प्रावधानहरूलाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले नेपालको संविधान को भाग १८ धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद.३ को दफा ११ च, ज, झ, ड ले दिएको अधिकार प्रयोग गरी बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७५ जारी गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७५रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले चौबिसे गाउँ कार्यपालिकाद्वारा जारी गरिएको बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७५ सम्झनु पर्छ ।

(घ) "बालबालिका" भन्नाले नेपाल कानून अनुसार १६ वर्ष उमेर पूरा नगरेका र अर्न्तराष्ट्रिय कानून अनुसार १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

(ङ) "बालबालिका डेक्स"भन्नाले चौबिसे गाउँपालिकाले यस गाउँपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिकासम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।

(च) "सम्पर्क व्यक्ति (Focal Person)" भन्नाले चौबिसे गाउँपालिकाले चौबिसे गाउँपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "बाल संरक्षण समिति" भन्नाले बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्बर्धन गर्नका लागि गठित चैबिसे गाउपालिकास्तरीय, वडास्तरीय र समुदायस्तरीय समितिहरुलाई सम्झनु पर्दछ ।

(ज) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कायान्वयन कार्यविधि (२०६८) बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ ।

(झ) "बाल क्लव" भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाहरुको सहभागितामा गठन भएका चैबिसे गाउँपालिकामा सूचीकृत भइ संचालनमा रहेका बाल समूहहरुलाई सम्झनु पर्दछ ।

(ञ) "संरक्षक तथा संरक्षक शिक्षक" भन्नाले बालक्लवलाई नियमितरुपमा संचालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ ।

(ट) "प्रधान संरक्षक" भन्नाले विद्यालयमा गठन भएका बालक्लव तथा संरक्षक शिक्षकलाई नियमितरुपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

(ठ) "बालक्लव सञ्जाल"भन्नाले चौबिसे गाउँपालिका तथा वडास्तरमा गठन भएका बालक्लवहरुको सञ्जाललाई सम्झनु पर्दछ ।

(ड) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ ।

(ढ) "बालविकास केन्द्र" भन्नाले गाउँपालिका तथा वडाका समुदायस्तरमा स्थापना भएका बालबिकास केन्द्रलाई सम्झनु पर्दछ ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका, गाउँपालिकालाई सम्झनु पर्दछ ।

(त) "बाल कल्याण कोष" भन्नाले बालअधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि वडा तथा चौबिसे गाउँपालिकामा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ ।

(थ) "प्रमाणपत्र" भन्नाले गाउँपालिका कार्यालयमा सूचिकृत भएका बालक्लवहरुलाई दिइने सूचिकृत प्रमाणपत्र सम्झनु पर्छ ।

(द) "प्रमुख" भन्नाले चौबिसे गाउँपालिकाको प्रमुख (अध्यक्ष) सम्झनु पर्छ ।

(ध) "उपप्रमुख" भन्नाले चौबिसे गाउँपालिकाको उपप्रमुख (उपाध्यक्ष) सम्झनु पर्छ ।

(न) "वडा" भन्नाले चौबिसे गाउँपालिकाको वडा सम्झनु पर्छ ।

"वडाध्यक्ष" भन्नाले चैबिसे गाउँपालिकाको वडाध्यलाई सम्झनु पर्छ ।
"सभा" भन्नाले चौबिसे गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।
"कार्यपालिका" भन्नाले चैबिसे गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :
(क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा संम्वर्धन गर्ने ।
(ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्ने ।
(ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
(घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनिकरण गर्ने ।
(ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्ने
(च) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरुबीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्ने ।

## परिच्छेद - २

## बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षण समिति तथा बालबालिका डेक्सको स्थापना र संचालन

### बालमैत्री स्थानीय शासन समिति गठन, काम कर्तव्य र अधिकार

बाल बचाउँ,बालसंरक्षण, बालविकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना,पद्धति र कार्यक्रममा मुलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले दिएको अधिकारका आधारमा एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसारका सदस्यहरु रहनेछन् :

(१) अध्यक्ष, चौविसे गाउँपालिका -अध्यक्ष
(२) उपाध्यक्ष, चौविसे गाउँपालिका -उपाध्यक्ष
(३) गाउँ कार्यपालिकाले मनोनयन गरेको स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य
(४) शिक्षा शाखा प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य
(५) महिला बालबालिका शाखा प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य
(६) गै.स.स. प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत) १ जना -सदस्य
(७) स्थानीय तहका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट गाउँ कार्यपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य
(८) चौविसे गाउँपालिका भित्र कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट कार्यपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य
(९) चौविसे गाउँपालिकास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य
(१०) चौविसे गाउँपालिका बालसंरक्षण समितिको (१ जना) -सदस्य
(११) चौविसे गाउँ कार्यपालिकाका बालबालिका डेक्स हेर्ने कर्मचारी -सदस्य
(१२) प्रमुख प्रशासकिय अधिकृत, चौविसे गाउँपालिकाका -सदस्यसचिव

### ५. बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकार

५.१ चौविसे गाउँपालिकाको बालबालिका सम्वन्धि नीतिगत निर्णयहरु गर्ने ।
५.२ चौविसे गाउँपालिकाको बालबालिका सम्वन्धि योजनाहरुको अन्तिम निर्णय गर्ने ।
५.३ चौविसे गाउँपालिकामा कार्यरत निकायहरुलाई बालबालिका सम्वन्धी कार्यमा समन्वय गरिदिने ।
५.४ चौविसे गाउँपालिकामा भएका बालबालिका सम्वन्धि कार्यहरुको समग्र अनुगमन गर्ने ।
५.५ चौविसे गाउँपालिकामा बालमैत्री स्थानीय शासनका लागि अनुसुची ४ मा उल्लेख भए अनुसारको सुचक पुरा गर्नका लागि नेतृत्व तथा सहजिकरण गर्ने ।
५.६ बालमैत्री स्थानीय शासन समितिको बैठक वर्षमा कम्तिमा ३ पटक बस्नेछ । बैठकको कार्यवीधि समिति आफैले तय गरे अनुसार हुनेछ ।

### ६. बालबालिका डेक्सको स्थापना

(१) प्रत्येक वडा कार्यालयमा र चौविसे गाउँपालिका कार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ । बालबालिका डेक्स संचालन गर्नको लागि कम्तिमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ ।
(२) बालबालिका डेक्सको काम, कर्तव्य र संचालन देहाय बमोजिम हुने छ:
(क) सबै प्रकारका बालबालिकाको तथ्यांक र सूचनाको अध्यावधिक गर्ने ।
"स्पष्टीकरण" सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ ।

(ख) बालक्लव तथा बालक्लव सञ्जालहरुको सूचीकृत गर्ने ।

(ग) बालबालिका, कार्यपालिका र सरोकारवालाहरुबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

(घ) बाल संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बालक्लव, बालक्लव संजालहरुबीच समन्वय सहकार्य गर्ने ।

(ङ) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने ।

(च) बालक्लव, बालक्लव संजाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।

(छ) कार्यपालिकाले तोकेको बालबालिका सम्बन्धी अन्य कार्य गर्ने ।

## बाल संरक्षण समिति गठन, काम, कर्तव्य र अधिकार

(१) चौबिसे गाउँपालिकामा देहाय वमोजिमको बालसंरक्षण समिति गठन गरिनेछ ।

(क) चौबिसे गाउँपालिकाको उपप्रमुख : संयोजक

(ख) संरक्षक शिक्षकहरुमध्येबाट १ जना : सदस्य

(ग) महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट १ जना : सदस्य

(घ) चौबिसे गाउँपालिकामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट १ जना : सदस्य

(ङ) गाउँ शिक्षा समितिबाट १ जना : सदस्य

(च) चौबिसे गाउँपालिका बालक्लव संजालबाट १ जना : सदस्य

(छ) आदिवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी कम्तिमा १ महिलासहित ३ जना : सदस्य

(ज) चौबिसे गाउँपालिकामा रहेको प्रहरी कार्यालयको प्रमुख : सदस्य

(झ) कार्यपालिकाको बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति : सदस्य सचिव

(२) बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :

(क) चौबिसे गाउँपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र कार्यपालिकामा पेश गर्ने ।
"स्पष्टीकरण" विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले (आमाबाबु, अभिभावकविहीन (अनाथ) बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका तथा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाहा नपाएका बालबालिका, कानूनि विवादमा परेका बालबालिकाहरुमध्ये वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका बालबालिका, बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाकाउच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचालित कानून विपरित श्रममा संलग्न वा धुम्रपान, मद्यपान एवं अन्य लागू औसधको कूलतमा फसेका, एच.आई.भि. संक्रमित बालबालिका, गम्भिर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका,बालबालिकाविरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका, सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका ,परित्यक्त तथा सडकमा आश्रित बालबालिका, कानुन बमोजिम तोकिएका अन्य बालबालिका)लाई बुझाउनेछ ।

(ख) चौबिसे गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समुह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने

(ङ) स्थानीय संघसँस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत (आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।

(ज) बाल संरक्षणका विषयमा वकालत गर्ने र जिवाकसलाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

(झ) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

(ञ) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि यसै कार्यपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

(ट) अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

(ठ) बालबालिकासंग सम्बन्धित दिवसहरु पालिका स्तरीय निकायहरुसंगको समन्वय तथा सहकार्यमा मनाउने ।

(ड) वडा बाल संरक्षण समितिहरु, बालक्लव सञ्जालहरु, सरोकारवालाहरु र गाउँपालिकाविच समन्वय,सहकार्य र सम्पर्क गर्ने ।

(ढ) कार्यपालिकामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति पेश गर्ने ।

**समितिको वैठक सम्बन्धी कार्यविधि:**

(क) समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ख) समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई अमान्तण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) कार्यपालिका स्तरीय बालसंरक्षण समितिको पदावधि पाँच वर्षको रहने छ ।

**वडा बाल संरक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार :**

(१) वडामा देहाय वमोजिमको वडा बालसंरक्षण समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष: | संयोजक |
| (ख) संरक्षक शिक्षकहरुमध्येबाट १ जना: | सदस्य |
| (ग) महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट १ जना: | सदस्य |
| (घ) सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट १ जना: | सदस्य |
| (ङ) विद्यालय व्यवस्थापन समितिबाट १ जना: | सदस्य |
| (च) वडा बालक्लव संजालबाट कम्तिमा १ बालिका सहित २ जना: | सदस्य |
| (छ) आदीवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरि कम्तिमा १ महिलासहित ३ जना: | सदस्य |
| (ज) वडा बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति: | सदस्य सचिव |

(२) वडा बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिमको हुनेछ :

(क) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र कार्यपालिकामा पेश गर्ने ।

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समुह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र सम्वर्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(च) बालअधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरिी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोगे तथा दीगो विकासका लागि श्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

(ज) बाल संरक्षणका विषयमा वकालत गर्ने र कार्यपालिकालाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

(झ) बालक्लव, वडा बालक्लव सञ्जाल, सरोकारवालाहरु र कार्यपालिकाविच समन्वय र सम्पर्क गर्ने ।

(ञ) वडामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति कार्यपालिकामा पेश गर्ने ।

(ट) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

ठ) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि सम्बन्धित कार्यपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

ड) अनाधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

ढ) बालबालिकासंग सम्बन्धित दिवसहरु पालिका स्तरीय निकायहरुसंगको समन्वय तथा सहकार्यमा मनाउने

## ३.समितिको वैठकसम्बन्धी कार्यविधि

(क) समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) वडाभित्र आवश्यकताका आधारमा वडा बालसंरक्षण समितिलाई सहयोग गर्न समुदाय स्तरमा बढीमा ७ सदस्यीय बाल संरक्षण समितिहरु गठन गर्न सकिने छ । सो समितिको संयोजक वडा समितिले मनोनित गर्नेछ । उक्त समितिमा बालक्लव, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य स्वयम सेविका, स्थानीय बालअधिकार अभियन्ता मध्येबाट रहनेछन् । यो समितिको पदावधि २ वर्षको हुनेछ । यसको उत्तरदायित्व वडा समितिमा निहित रहनेछ ।

(ङ) वडा बालसंरक्षण समितिको पदावधि पाँच वर्षको रहनेछ ।

## ८.बालक्लव र बालक्लव सञ्जालको गठन, काम, कर्तव्य र अधिकार

(१) बालक्लव गठन प्रक्रिया तथा बैठक सम्बन्धि व्यवस्था

(क) प्रत्येक विद्यालयमा एक स्थायी बालक्लव रहने छ । विद्यालयका सबै विद्यार्थीहरु यसका सदस्य रहने छन् । बालबालिकाको भेलाबाट बालक्लवको बढिमा १५ सदस्यीय कार्यसमिति (एकजना अध्यक्ष, एकजना उपाध्यक्ष, एकजना सचिव, एकजना उपाध्यक्ष र एकजना कोषाध्यक्ष र अरु सदस्यहरु रहने) को चयन हुनेछ जस्मा कम्तिमा ५० प्रतिशत बालिका सहित लैङ्गिक सामाजिक समावेशीकरणको सुनिश्चितता गरिने छ । बालक्लवको गठन तथा अध्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्र गरी, संरक्षक र प्रधान संरक्षक शिक्षक तोकि विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा पालिकामा सुचीकृत गरिने छ । पालिकाले रितपूर्वक आएका बालक्लवहरुलाई आवद्धता/सुचिकृतको अनुसुची १ अनुसारको प्रमाणपत्र र बालक्लवको विधान पालिका प्रमुख प्रशासकिय अधिकृतवाट प्रमाणित गरी बालक्लवहरुलाई उपलब्ध गराउनुपर्नेछ । विद्यालयको हकमा बालक्लवमा सदस्य हुनका लागि ८ वर्ष उमेर पुरा भई १८ बर्ष सम्मको हुनुपर्नेछ । कक्षको हकमा कक्षा ५ बाट सुरु भएको हुनेछ ।

(ख) समुदायको हकमा बालबालिकाको भेलाले बढीमा २१ सदस्यीय बालक्लव गठन गरी, संरक्षक तोकि एक महिना भित्र सम्वन्धित वडा तथा गाउँपालिकामा सुचीकृत हुनुपर्नेछ ।

(ग) बालक्लवले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक,मानसिक, सम्वेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्युनिकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरुको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्नेछन् ।

खजिन्द्र राई
अध्यक्ष

(घ) बालक्लवको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लवले विभिन्न उप समितिहरु निर्माण गर्न सक्ने छ ।

(ङ) बालक्लबको बैठकको आयोजना गर्दा सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रुपमा बैठक सञ्चालन गर्नु पर्नेछ । नियमित बैठक तथा छलफलगर्दा बैठकमा संरक्षक शिक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ साथै बैठक सामान्तयः २ घण्टाभन्दा बढी हुनेछैन । बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिकामा उतार गरी राख्नुपर्नेछ ।

च) बालक्लवको बैठकमा निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछ :

- अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा
- बालक्लवको बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरुको धारणा
- स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि
- आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु ।

(२)बालक्लव सञ्जालहरूको गठन तथा बैठक सम्बन्धि व्यवस्था

(१) बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गर्न सकिनेछ ।

(२) बालक्लब सञ्जाल वडा स्तर, चौबिसे गाउँपालिका स्तरका हुनेछन् ।

(३) बाल क्लब सञ्जाल गठन गर्नका लागि (गाउँपालिका र वडा) तहमा बाल क्लवहरूका प्रतिनिधिहरुको भेलाको आयोजना गर्नु पर्नेछ ।

(४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबहरूलाई भेलाको मिति १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

क) भेलाको मिति, समय र स्थान,

ख) भेलामा छलफल हुने विषयहरू,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लबहरुको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत)

(घ भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध गराउन नसकिनेनहुने सेवा र सुविधा, र

च) अन्य आवश्यक विषयवस्तु ।

(५) बाल क्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नुपर्नेछ ।

- आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनुपर्नेछ, ।
- भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनुपर्नेछ, ।
- समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको हमति ।
- बाल क्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्यामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ ।
- सञ्जाल भेलामा सहभागी हुने बाल क्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रको बालक्लवमा आवद्द भएको हुनु पर्नेछ ।
- सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ । सञ्जालको नतेृत्वको पुनःगठन प्रत्येक वर्ष गर्नुपर्नेछ ।

(६)नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

(१) बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

(३) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(४)बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ

(७) वडा तथा गाउँपालिकामा गठन भएका बालक्लव सञ्जालहरु गठन भएको एक महिनाभित्र कार्यपालिका कार्यालयमा सूचिकृत गर्नुपर्नेछ ।

(८) सूचीकृत भएका बालक्लव सञ्जालहरुले हरेक वर्ष अध्यावधिक गरी कार्यपालिकाको कार्यालयमा नविकरण गर्नुपर्नेछ । यसरी अध्यावधिक हुँदा सम्बन्धित सञ्जालले अध्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको उपस्थिति, विद्यमान कार्यसमितिको नामावली, संरक्षकको नाम र ठेगाना र सञ्जालले अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरुको वार्षिक प्रगति प्रतिवेदन अनिवार्य संलग्न गर्नु पर्नेछ ।

(३) बालक्लव तथा बालक्लव सञ्जालका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

पदाधिकारीहरुको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार: अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

१. समूहको बैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।
२. समूहको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने।
३. समूहको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने ।
४. समूहको निर्णय र जिल्ला बालकल्याण समिति (पछि परिवर्तित भए सोही बमोजि रहने) को निर्देशन कार्यान्वयन गर्ने गराउने ।
५. समूहको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने ।
६. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने ।
७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका एक सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
८. बाल समूह जिल्ला समन्वय समितिसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।
९. तोकिएको अन्य कार्य गर्ने ।

ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार: उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।
२. तोकिएको अन्य काम गर्ने ।

ग. सचिवको काम, कर्तव्य र अधिकार: सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारकोप्रयोग तथा पालन गर्नु पर्नेछ:

१. समूहको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।
२. बालबालिका वा बाल समूहसंग सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने ।
३. समूहको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।
४. हसमूहको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
५. समूहको प्रशासकीय कार्य गर्ने ।
६. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।
७. तोकिएको अन्य कार्य गर्ने ।

घ. सहसचिवको काम, कर्तव्य र अधिकार:

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार संहाल्ने ।
२. तोकिएको अन्य कार्य गर्ने ।

ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:

१. क्लव/समूहको आय व्यय दुरुस्त राख्ने ।
२. आर्थिक वजेट तयार गरी समूहको बैठकमा पेश गर्ने ।
३. आर्थिक सहयोग जुटाउने ।
४. आर्थिक कारोबार सम्बन्धी जिम्मेवारी पूरा गर्ने ।

च. सदस्यको काम, कर्तव्य र अधिकार:

१. बैठकमा सहभागी हुने ।
२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।
३. तोकिएको कार्य गर्ने ।
४. समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

खजिन्द्र राई
अध्यक्ष

## परिच्छेद – ३

## बाल कल्याण कोषको व्यवस्था तथा सञ्चालन

१०. बालबालिकाको संरक्षण र सम्बर्द्धनका लागि बाल कल्याण कोषको व्यवस्था

(१) चौबिसे गाउँपालिका तथा वडा स्तरमा एक-एक वटा बालकल्याण कोषको स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछ :

(क) स्थानीय तहबाट विनियोजन गरिएको रकम ,

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम ,

(ग) विदेशी सरकार, अन्तराष्ट्रिय संघसंस्थाबाट प्रापत रकम ,

(घ) स्वदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम र

(ङ) अन्य विविध श्रोत बाट प्राप्त हुन आएको रकम ।

(३) बालकोषको प्रयोग जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्वर्धनका लागि निम्न शिर्षकमा खर्च गर्न सकिनेछ ।

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(२) हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(३) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको,

(५) दूर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले बेवारीस भएको,

(७) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

(८) हिंसाबाट प्रभावित भएको,

(९) बाबुआमा वा संरक्षकबाट बन्चित भएको,

(१०) अपाङ्गता भएको,

(११) सुस्तमनस्थिति भएको,

(१२) अपहरण वा शरीर बन्धकमा परेको,

(१३) सडक बालबालिका,

(१४) एच.आई.भी. एड्स संक्रमित भएको,

१५. जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भई संरक्षण विहिन अवस्थामा फेला परेका शिशु ,

(१६) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र

(१७) समितिले तोकेका अन्य बालबालिका ।

(४) दफा १० को ३ मा उल्लेख भए बाहेकको अन्य शिर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

(५) दफा ४मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ ।

(११) कोष सञ्चालन समितिको गठन देहाय बमोजिम ३ सदस्यको हुनेछ

(क) गाउँपालिकाको हकमा बाल संरक्षण समितिको संयोजक र वडाको हकमा बालबालिका डेक्सको सम्पर्क व्यक्ति सदस्य ।

(ख) गाउँपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र वडाको हकमा वडा सचिव सदस्य सचिव रहने ।

(१२) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ

(क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ञ) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

खजिन्द्र राई
अध्यक्ष

१३) समितिको बैठक र निर्णय
क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।
(४) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगे को मानिनेछ ।
(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।
(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।
(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

१४) कोषको खाता सञ्चालन
(क) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त पायक पर्ने बैङ्कमा खाता खोली सञ्चालन गरिनेछ ।
(ख) उपदफा क बमोजिमको खाता सञ्चालनका लागि .......पालिकाको हकमा प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट र वडाको हकमा वडा सचिव र बालबालिका डेस्कको सम्पर्क व्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

१५. रकम फ्रिज नहुने :प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१६.कोषको लेखा र लेखा परीक्षण :
(क) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।
(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१७) प्रतिवेदन पेश गर्ने :समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४
## विविध

१८. स्रोतको व्यवस्थापन :कार्यपालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयका लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।
१९. प्रोत्साहन पुरस्कारको व्यवस्था : बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति बालक्ल्व, सञ्जाल तथा संघसंस्थालाई कार्यपालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।
२०. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार : कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।
२१. खारेजी र बचाउ : यो कार्यविधी बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसंग बाँझिन गएमा बाँझिएको हद सम्म यो कार्यविधीमा लेखिएको कुराहरु अमान्य हुनेछन र नेपाल सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ ।
२२. बालबालिका सम्बन्धी कार्य संचालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानुनमा भएको बालअधिकार संरक्षण र सम्वर्द्धनप्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

खजिन्द्र राई
अध्यक्ष